**निर्णय नं १** हालसम्म विपद व्यवस्थापन समिति अन्तर्गत रोकथाम तथा व्यवस्थापनको लागि भएको खर्च सार्वजनिक गरियो । साथै विपद व्यवस्थापनको लागि खर्च भएका भुक्तानी गर्न बाँकी भएका १ हप्ता भित्र सबै बिल भुक्तानी गर्ने निर्णय गरीयो ।

**निर्णय नं २** कोराना भाईरस (COVID-19) व्यवस्थापन तथा नियन्त्रणको लागि हाल संचालनमा रहेको भैरव नवदीप मा.वि. वेड थप गरी १६० वेड, सत्यवती मा.वि. मा ५० वेड र मच्छिन्द्र आधारभुत विद्यालयमा ४० वेडको क्वारेन्टिन निर्माण गरी सम्वन्धित वडा अध्यक्षको व्यवस्थापन तथा स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको निगरानीमा संचालन गर्ने निर्णय गरीयो । क्वारेन्टिन व्यवस्थापनको लागि तपसिल बमोजिमको समिति रहने निर्णय गरियो ।

<u>तपसिल :</u>

**भैरव नवदीप मा.वि. क्वारेन्टिन**

संयोजक : विष्णु प्रसाद पोखरेल

सदस्य : हुमान सिंह कार्की

सदस्य : लाल वहादुर दर्लामी

**सत्यवती मा.वि. क्वारेन्टिन**

संयोजक : थमान वहादुर राना

सदस्य: देवेन्द्र पुन

सदस्य : खिम वहादुर सोमरे

**मच्छिन्द्र आ.वि. क्वारेन्टिन**

संयोजक : जीवनाथ पोखरेल

सदस्य : सोम वहादुर दर्लामी

सदस्य : नारायण प्रसाद पोखरेल

**निर्णय नं ३** जिल्ला CCMC को मिति २०७७ जेठ ३ गतेको निर्णय अनुसार रिब्दीकोट गा.पा. अन्तर्गत खस्यौली PHC मा Isolation ward बनाउनको लागि आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** यस गाउँपालिकाको वडा नं ७ र ८ को सिमाना वेलवासमा अन्य जिल्लाबाट नागरिक आउन सक्ने भएकोले व्यवस्थापनको लागि दैनिक रुपमा खाजा खर्चको लागि रु ३०००।- दिने निर्णय गरियो साथै भुवनपोखरीमा रहेको चेक पोष्टलाई धजाबान्ने स्थानान्तरण गर्ने र उक्त स्थानमा ४ जना स्वयंसेवक राख्ने निर्णय गरीयो ।

2066/02/04